# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरून्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**



वर्ष ३८ | अंक १२३ | बुटवल | २०८३ बैशाख २० गते, आइतबार | नेपाल संवत ११४६ | Sunday May 03, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# शनिबार हजारौँ भक्तजनले चढाए एक लाख बढी भेटी





अर्घाखाँचीको प्रसिद्व तथा धार्मिक पर्यटकीय स्थल सुपादेउराली मन्दिरमा शनिबार हजारौंको संख्यामा रहेका श्रदालु भक्तजनले १ लाख ६४ हजार ७ सय ५० भेटी चढाएका छन्। लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, भारतको उत्तर प्रदेशबाट आएका श्रदालुभक्तजनले मन्दिरमा पूजाआजासँगसँगै भेटी चढाएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ। आफूले कामना गरेको भाकल पूरा भएपछि मन्दिरमा पूजा गर्न आउने गरेको भक्तजनहरु बताउँछन्। पश्चिम नेपालमा रहेको यो मन्दिरमा विवाह गरेका नवजोडीहरु समेत जीवन सफल बनाउनका लागि बिहे लगत्तै दर्शन गर्न आउने चलन रहेको स्थानीय बासिन्दाले बताउँछन्। यो मन्दिरमा सधैँ भक्तजनहरुको व्यापक भिड लाग्ने गरेको छ। आफ्नो मनोकामना पूरा होस् भन्दै नरिवल, परेवा, जिन्सी सामानहरु र बली समेत मन्दिरमा चढाउने चलन रहेको छ। २०४२ सालमा मन्दिर निर्माण भए पनि परापूर्वकालदेखि पूजा-आजा गर्ने शक्तिपीठको रुपमा सुपा देउराली मन्दिर चर्चित रहेको छ। यहाँ भाकल गरेपछि मनोकांक्षा पूरा हुने र भाकल अनुसार पूजा गर्ने चलन छ। तस्विरः अनिल नेपाली/दैनिक लुम्बिनी

# सुकुम्वासी बस्ती भत्काएको विरोधमा ठाउँ–ठाउँमा वृहत् प्रदर्शन

**लुम्बिनी संवाददाता**

*बुटवल*

बालेन्द्र सरकारले काठमाडौँ खोला किनारमा रहेका सुकुम्वासी बस्ती भत्काएको विरोधमा विभिन्न ठाउंमा वृहत विरोध प्रदर्शन भएको छ।

धरानमा भएको प्रदर्शनमा हजारौँ सकुम्वासीको सहभागिता रहेको थियो। प्रदर्शनमा धरानमा क्रियाशील राजनीतिक दलको समेत सहभागिता रहेको थियो।

अघिल्लो दिन भएको अन्तरक्रिया कार्यक्रममा श्रम संस्कृती पार्टीसहितका राजनीतिक दलहरूले प्रदर्शनमा सहभागिता जनाउने ऐक्यबद्धता जनाएका थिए।

धरानको छाता चोकमा भेला भएर सुकुम्बासीहरूले धरान बजार परिक्रमा गरेका थिए। नेपाल बसोबास बस्ती संरक्षण समाज र बस्ती रक्षा संरक्षण परिचालन समितिको अगुवाइमा भएको प्रदर्शनमा सहभागीहरूले प्रधानमन्त्री बालेन्द्र शाहको ज्यादतीको विरोध गरेका छन्।

सुकुम्वासीको उचित बसोबासको व्यवस्था नगरी उनीहरूको बस्दै आएको ठाउँमा डोजर चलाएको भन्दै सुकुम्वासीले सरकारी दमनको विरोध गरे। उनीहरूले संविधानमा नै आवासको हक भएकाले सरकारले सुकुम्वासीको बसोबासको ग्यारेन्टी गर्नु पर्ने बताए।

नेपाल बसोबास बस्ती संरक्षण समाजका केन्द्रीय अध्यक्ष कुमार कार्कीले सरकारी दमनको विरोध गरे। उनले सरकारले सुकुम्वासीको बस्तीमा सरकारले डोजर चलाएर राज्य आतङ्क मच्चाएको बताए।

'सरकारले सुकुम्वासीमाथि अमानवीय ढङ्गले व्यवहार गरेको छ। मानवअधिकारको उलङ्घन गरेको छ। यस्तो सरकार हामीलाई चाहिएको छैन।'- उनले भने।

यस्तै सरकारले उपत्यकाका नदी किनारमा रहेका सुकुमवासी बस्ती खाली गराउने कदमको विरोधमा काठमाडौंमा पनि जेन जी युवाहरुले प्रदर्शन गरेका छन्। शनिबार काठमाडौंको माइतीघरमा जेनजी सेन्टरका अभियान्ताहरूले सुकुम्वासी बस्तीमा डोजर चलेको घटनाको विरोध गर्दै प्रदर्शन गरेका हुन्।






उनीहरूले विभिन्न नारा लेखिएका प्लेकार्ड लिएर प्रदर्शन गरेका हुन्। प्रदर्शनमा सहभागीहरूले बोकेको प्लेकार्डमा 'सार्वजनिक जग्गा सरकारको, सुकुमवासी जनता कसको ?', 'बरू बाढीबाट बचियो तर सरकारबाट बच्न सकिएन', 'खोइ मानवता डोजरले पुऱ्यो', 'सुकम्वासी जनता नेपालमा पर्छन् कि पर्दैनन् ?' लगायतका नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरे।

यसैबिच जेनजी अगुवा रक्षा बमले प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' लाई ज्ञानी जनताको अगाडि ज्ञानको अहंकार नदेखाउन सुझाव दिएकी छन्। सामाजिक सञ्जाल फेसबुकमा शनिबार स्टाटस लेख्दै उनले विश्व शान्तिको केन्द्र बन्न सक्ने मुलुकमा शासनको शैली निर्देशन र बन्दुक हुन नसक्ने बताएकी छिन्। 'जनता जति ज्ञानी कोही हुन सक्दैनन्। ज्ञानी जनताको अगाडि ज्ञानको अहंकार नदेखाऊ', बमले भनेकी छन्-'विश्व शान्तिको केन्द्र बन्न सक्ने मुलुकमा शासनको शैली निर्देशन र बन्दुक हुनै सक्दैन।'

जेनजी अगुवा बमले प्रधानमन्त्रीलाई 'काँध थाप्ने' र 'छाती थाप्ने' ज्ञानको अहंकारबाट बाहिर निस्केर बुद्ध जन्मेको देशमा समानुभूति र करुणालाई आधार बनाएर जिम्मेवारी पूरा गर्न पनि भनेकी छन्।

'तिम्रा हरेक ज्ञानपूर्ण र विवेकपूर्ण निर्देशनहरूले जनताले ज्यान गुमाउँदै छन्,' उनले लेखेकी छन्-'काँध थाप्ने' र 'छाती थाप्ने' ज्ञानको अहंकारबाट बाहिर निस्केर, बुद्ध जन्मेको देशमा समानुभूति र करुणालाई आधार बनाएर जनताले सुम्पिएको जिम्मेवारी पूरा गर।'

यसैबिच प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सुकुम्बासी बस्ती हटाउने नाममा राज्यले 'डोजर आतंक मच्चाइरहेको आरोप लगाएका छन्।

शनिबार काठमाडौँमा आयोजित एक कार्यक्रममा बोल्दै नेता आङ्देम्बेले अव्यवस्थित बस्ती हटाउने नाममा गरिएको डोजर आतङ्कका कारण मानिसको ज्यानसमेत गएको बताए। राज्य आतङ्कको पर्याय बन्न नहुनेमा जोड दिँदै उनले सरकारलाई अभिभावकजस्तो बन्न र मानवीय संवेदनशीलता अपनाउन आग्रह गरे।

विद्यालयमा डोजर लगाउँदा त्यहाँ अध्ययनरत सयौँ विद्यार्थी भविष्यविहीन अवस्थामा पुगेको उल्लेख गर्दै सुकुम्बासी समस्या समाधानका लागि स्पष्ट नीति, प्रक्रिया र सहकार्य आवश्यक रहेको बताए।

» बाँकी ३ पेजमा

### मर्कामा मर्कवाङ्गको पीडा

# पीडितले चार वर्षसम्म राहत पाएनन्

**२०७९ असोज २२ गतेको पहिरोले गाउँका ८ घरगोठ बगाएको थियो भने दर्जनौँ घर जोखिममा पारेको थियो। सिंगो धन्चौर गाउँ नै पहिरोको उच्च जोखिममा छ। गाउँ पहिरोमा बग्ने खतरा भएपछि धेरै जनाले थातथलो छोडेर दाङतिर बसाई सरेका छन्। कोही भने पहिरोको जोखिम क्षेत्रमै दैनिक गुजारा चलाइरहेका छन्।**



**लवकुमार अधिकारी**

*प्यूठान*

धन्चौरका पहिरो पीडितहरुले चार वर्ष बितिसक्दा पनि राहत पाएका छैनन्। २०७९ असोज १७ गतेदेखि २२ गतेसम्मको अविरल वर्षापछि पहिरोले गाउँ नै विस्थापित गरेको थियो।

माण्डवी गाउँपालिका-२ मर्कावाङ्गस्थित धन्चौरमा २०७९ असोज २२ गतेको अविरल वर्षापछि आएको पहिरोले १० घरगोठ बगायो र १ सय ६३ घर विस्थापित भएका थिए। तीन तहका सरकारले चार वर्ष बितिसक्दा समेत पहिरो पीडितलाई पुनर्स्थापनामा ध्यान नदिँदा उनीहरू आफ्नो पुर्ख्यौली घर छोडी दाङ बसाइसराई गरेका छन् भने कोही बाध्य भएर धन्चौरको चर्किएका घरमा बसेका छन्।

माण्डवी गाउँपालिका-२ धन्चौरका बलबहादुर खत्रीको घर बगायो। पहिरोले घरबारविहीन बनाएपछि उनी चार वर्षदेखि अरूकै घरमा आश्रय लिएर बसेका छन्। बलबहादुरको श्रीमतीसहित २ वटी बुहारी र ६ वटा ना-नातिनीसँगै दाङको देउखुरीमा डेरा गरी बस्दै आएको उनका माइलो छोरा हुताराम खत्रीले बताए। 'लामो समय बितिसक्दा पनि सरकारले सुरक्षित आवासको टुङ्गो लगाउन सकेन,' उनले भने-'एक वर्षअघि जिल्ला प्रशासन कार्यालय प्यूठानमार्फत् ३० हजारको दरले हामीलाई राहत स्वरूप नगद दिएको थियो।' पहिरो गएको बेलामा विभिन्न निकाएबाट धेरथोर राहत उपलब्ध गराए पनि हालसम्म पालिकाले सुरक्षित आवास निर्माण गर्न नसकेको खत्री बताउँछन्। पालिकाले पटक-पटक वडाको सिफारिस र नागरिकता मात्र बटुल्ने काम गर्ने, तर राहत प्रदान गर्नेमा सरकारले ढिलाइ गरेकोमा पीडित खत्रीले गुनासो पोखे।

घरबारी र खेत पहिरोले बगाएपछि छेउको भैँसीगोठमा बस्दै आएको रामकली नेपालीले बताइन्। गाउँ पहिरोको उच्च जोखिममा छ भन्ने थाहा पाउँदा पाउँदै उनी कतै जान सकेकी छैनिन्। उनका श्रीमान रोजगारका लागि भारतमा छन्। आफूले ज्याला मजदुरी गरेर आएको पैसाले परिवार चलाउनै ठिक्क भएको उनी बताउँछिन्। 'अब सरकारले दिने राहतको आशै मर्यो।'-उनले भनिन्।

विस्थापित ८ घरमध्ये बलबहादुर खत्री, रामबहादुर नेपाली, मानबहादुर नेपाली र डिलबहादुर नेपाली दाङको देउखुरीमा बसाई सरेका छन्।

» बाँकी ३ पेजमा




२०८३ बैशाख २०, गते आइतबार
Sunday May 03, 2026
दैनिक लुम्बिनी

## सम्पादकीय

# खै नागरिक समाज ?

सार्वजनिक सरोकारको संवेदनशील विषयमा राज्य वा गैरराज्य पक्षबाट हुने गलत क्रियाकलाप रोक्न समाजका बुद्धिजीवी, स्वतन्त्र नागरिक र कानुन व्यवसायीको खबरदारी महत्वपूर्ण हुन्छ। उनीहरुको आवाजले बाटो बिराएको सरकार, राजनैतिक दलहरु र घटनासँग सम्बन्धित सरोकारवाला पक्ष जिम्मेवार र जवाफदेही बन्न बल पुग्छ। त्यतिमात्रै नभएर उनीहरुले सार्वजनिक गर्ने धारणाले समाजमा विचार निर्माण र बहसको प्रस्थान विन्दु हुन्छ। बरालिएको समाजलाई लयमा अघि बढाउन सघाउ पुऱ्याउँछ। तर अहिले बरालिएको सरकार र समाजलाई लयमा अघि बढाउने खै नागरिक समाज ?

गएको प्रतिनिधिसभाको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाईको बहुमत ल्याएर शासन चलाइरहेको छ। यो असाधारण जीतले बलियो सरकार छ, यो सरकारले नतिजादिने गरी काम गर्छ भन्ने आम विश्वास र अपेक्षा थियो। कतिपय निर्णयले त्यो संकेत पनि दिएका थिए, तर पछिल्ला कतिपय गतिविधिले सरकारलाई विवादको भुमरीमा फसाएको छ। आह्वान गरिसकेको संसद बैठक स्थगित गरेर अहिले धमाधम राष्ट्रपति कार्यालयमा अध्यादेश पठाइएको छ। यसले जननिर्वाचित संसदको गरिमामाथि प्रहार भएको छ। सरकार भटाभट नतिजा दिने काममा केन्द्रित हुने आम अपेक्षाविपरीत सुकुम्वासी बस्तीमा डोजर चलाएर उठिबास लगाएको छ। के सुकुम्वासी बस्तीमा डोजर चलाएर यो समस्याको सही समाधानको बाटो हो ? वास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरुलाई सुरक्षित ठाउँमा सार्ने काम पूरा गर्ने, अरुलाई खाली गर्न सूचना जारी गर्ने र त्यसपछि मात्रै डोजर चलाउँदा सम्भवतः सरकारले नतिजा पाउन सक्थ्यो। समाजमा अहिले जुन खालको भय र आतंक छ, त्यो आतंक बन्द हुन्थ्यो। राज्य हरेक नागरिकको हो, सरकारको अनुभूति हरेक नागरिकले गर्न पाउनुपर्छ। राज्य र सरकारको अनुभूति गर्न नपाएको नागरिकमा निराशा हुन्छ। अझ राज्य आतंकले प्रताडित बनेको नागरिक विद्रोही हुन्छ। त्यसले समाजमा द्वन्द्व श्रृजना गर्छ। समाजमा अहिले नयाँ खालको द्वन्द्वको बिउ रोप्न तल्लीन सरकारलाई त्यसो नगर भन्ने नागरिक अगुवाको आवाज सुनिदैन।

सुकुम्वासी बस्ती हटाउने नाउमा स्कुल भत्काइन्छ, मन्दिर, गुम्बा र चर्च भत्काएर सांस्कृतिक र धार्मिक भावनामा चोट पुऱ्याउने काम गरिन्छ। बुद्ध जयन्तीका दिन काठमाडौंमा बौद्ध गुम्बामा डोजर चलाएर राज्यले आफ्नो शक्ति देखायो, तर त्यो घटनाले नागरिकको मनमा परेको चोटको औषधी राज्यले धेरै मल्हमपट्टी गर्दा पनि निको हुनेछैन। स्कुल जाने बेलामा अहिले बालबालिकाको बिचल्ली भएको छ। दीर्घरोगी र जेष्ठ नागरिक बेघर हुनुपर्दाको पीडाले उनीहरुलाई सताइरहेको छ। आफ्नो ओतमा डोजर चल्दा खप्न नसकेर दुई जनाले आत्महत्या गरे। राज्यले गोली चलाएर मार्ने घटनाभन्दा राज्य आतंकले नागरिकले आत्महत्या गर्न बाध्य भएको घटना निकै कहालीलाग्दो हो।

सुकुम्वासी समस्याको समाधान केवल डोजर चलाएर हुँदैन। मुलुकमा भूमिहीन र अव्यवस्थित बसोवासीको व्यवस्थापनका लागि राज्य लहडमा होइन, संवेदनशील भएर लाग्नुपर्छ। राज्य दमनले नेपालको सुकुम्वासी समस्या समाधान हुँदैन। दमनको बदला प्रतिरोध हुन्छ। सरकारको रवैयाले समाजमा भयानक द्वन्द्वको बिजारोपण भएको देखिन्छ। यो बेला सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदको मुख बन्द छ। मिडियालाई होल्डिङ सेन्टरमा जान निषेध गरेर नियन्त्रणमुखी प्रेस नीति अगाल्न खोजिएको छ। प्रतिपक्ष दलहरु बिलखबन्दमा छन्। अहिले सक्रिय हुनुपर्ने नागरिक समाज हो, यसले नै संकटका बेला आवाज निकाल्न सक्नुपर्छ। नागरिकको ओत, गास खोसिएको र दैनिकी बिथोलिएको बेला नागरिक समाजका अगुवा मौन बस्नु अस्वभाविक देखिएको छ। नागरिक समाजको शक्ति यसभन्दा अघि धेरै देखिएको छ। अहिले त्यो शक्तिले सरकारलाई लयमा हिंडाउन सक्नुपर्छ। सरकारलाई लयमा हिडाउन, विधि, प्रक्रिया सम्झाउनका लागि नागरिक अगुवाहरु बोलेर अनिश्चयको भुमरीमा फसेका नागरिकको मन जित।

# रोबोटले तोड्यो मान्छेको विश्व कीर्तिमान

चीनको तीव्र गतिमा अघि बढिरहेको प्रविधि विकासलाई झल्काउने घटनामा बेइजिङमा आयोजित हाफ म्याराथनमा एक मानवाकृति रोबोटले मानव विश्व कीर्तिमान नै उछिन्दै ऐतिहासिक सफलता हासिल गरेको छ।

यस उपलब्धिले खेलकुद र कृत्रिम बौद्धिकताको सङ्गममा नयाँ युग सुरु भएको सङ्केत दिएको छ। बेइजिङ इकोनोमिक-टेक्नोलोजिकल डेभलपमेन्ट एरिया (बेइजिङ ई-टाउन) बाट सुरु भएको २१ किलोमिटरको दौड चिनियाँ स्मार्टफोन निर्माता अनरद्वारा विकसित रोबोटले ५० मिनेट २६ सेकेन्डमा पूरा गर्दै पहिलो स्थान हासिल गर्न सफल भयो।

यो समय मानव हाफ म्याराथन विश्व कीर्तिमानधारी युगान्डाका धावक ज्याकोब किप्लिमोले मार्चमा बनाएको करिब ५७ मिनेटको समयभन्दा उल्लेखनीय रूपमा छिटो हो। गत वर्ष पहिलोपटक आयोजना गरिएको यस प्रतियोगितामा विजेता रोबोटले २ घण्टा ४० मिनेट ४२ सेकेन्डमा दुरी पार गरेको थियो। त्यसको तुलनामा यस वर्षको प्रदर्शनले रोबोट प्रविधिमा भएको तीव्र प्रगति प्रस्ट पारेको छ। प्रतियोगिताको आकार पनि यसपटक उल्लेखनीय रूपमा बढ्दै १०० भन्दा बढी टोलीहरूको सहभागिता रहेको थियो, जसमा पाँच विदेशी टोली समेत समावेश थिए। दौड पूर्णरूपमा सहज भने रहेन। केही रोबोट प्रारम्भमै लड्न पुगे भने केही अवरोधमा ठोकिए।

यद्यपि आयोजकका अनुसार करिब ४० प्रतिशत रोबोटले कुनै मानवीय हस्तक्षेपबिना स्वायत्त रूपमा पूरा मार्ग तय गर्न सफल भए, बाँकी भने रिमोट कन्ट्रोलमार्फत् सञ्चालन गरिएका थिए। प्रतियोगितामा एउटा रोबोटले ट्राफिक प्रहरीको भूमिका निर्वाह गर्दै सहभागीहरूलाई हातको सङ्केत र आवाजमार्फत् निर्देशन दिएको दृश्यले दर्शकहरूको ध्यान खिचेको थियो, जसले रोबोटको बहुआयामिक प्रयोगको सम्भावना झल्काएको छ।

चीनमा प्रविधिको विकास केवल औद्योगिक प्रगतिको विषय मात्र नभई रणनीतिक प्रतिस्पर्धासँग पनि जोडिएको छ। विशेषगरी संयुक्त राज्य अमेरिकासँगको प्रतिस्पर्धालाई मध्यनजर गर्दै बेइजिङले आफ्नो पछिल्लो पञ्चवर्षीय योजनामा 'विज्ञान र प्रविधिको सीमालाई लक्षित गर्ने' प्रतिबद्धता व्यक्त गरेको छ। सन् २०२६ देखि २०३० सम्मको योजनाअन्तर्गत मानवाकृति रोबोटजस्ता उन्नत प्रविधिको विकासलाई प्राथमिकतामा राखिएको छ।

लन्डनस्थित प्रविधि अनुसन्धान संस्था ओमडियाको हालैको प्रतिवेदनअनुसार एजिबोट, युनिट्री रोबोटिक्स र युबीटेक रोबोटिक्स कर्पजस्ता चिनियाँ कम्पनीहरू विश्व बजारमा सामान्य प्रयोजनका मूर्त बौद्धिक रोबोट उत्पादन र आपूर्तिमा अग्रपङ्क्तिमा उभिएका छन्। ती कम्पनीहरूले गत वर्ष मात्र हजारौँ युनिट रोबोट विश्वभर पठाएका थिए, जसले चीनको यस क्षेत्रमा बढ्दो प्रभावलाई पुष्टि गर्छ।

यस घटनाले एउटा दौड जित्ने उपलब्धि मात्र नभई मानव क्षमतासँग प्रतिस्पर्धा गर्न सक्षम कृत्रिम प्रविधिको तीव्र विकासको सङ्केत दिएको छ, जसले आगामी दिनमा खेलकुददेखि उद्योगसम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# मान्छेको पहिलो प्राथमिकता समयसँगै किन बदलिन्छ ?

**खिम लामिछाने काजी**

जीवन स्थिर होइन, त्यसैले प्राथमिकता पनि स्थिर हुँदैनन्। मानिसको सोंच, अनुभव, परिस्थिति र आवश्यकताहरू समयसँगै परिवर्तन हुँदै जान्छन्, जसले उसको निर्णय र लक्ष्यलाई पनि निरन्तर बदलिरहन्छ। पहिलो कारण जीवनका विभिन्न चरणहरू हुन्। बाल्यकालमा पढाइ, युवावस्थामा करियर र पैसा, विवाहपछि परिवार र जिम्मेवारी, तथा बुढ्यौलीमा स्वास्थ्य र शान्ति प्राथमिकता बन्छ। दोस्रो कारण आवश्यकता पूरा हुनु (need shift) हो, जहाँ कुनै लक्ष्य पूरा भएपछि नयाँ आवश्यकता अगाडि आउँछ। तेस्रो कारण नयाँ जिम्मेवारी थपिनु हो, जसले जीवनको दिशा नै बदलिदिन्छ। त्यस्तै, अनुभवले मानिसलाई सिकाउँछ। जस्तै बिरामी हुँदा स्वास्थ्यको महत्व, धोका खाँदा सम्बन्ध र विश्वासको महत्व, र तनाव हुँदा मानसिक शान्तिको महत्व बुझिन्छ। उमेरसँगै मूल्य र सोंच पनि बदलिन्छ, जहाँ बाह्य सफलता भन्दा आन्तरिक सन्तुष्टि महत्वपूर्ण हुन्छ। डर, असुरक्षा, वातावरण, अवसर, सामाजिक प्रभाव र प्रविधिको परिवर्तनले पनि प्राथमिकतामा ठूलो असर पार्छ। यसरी, मानिसको जीवन गतिशील भएकाले उसका आवश्यकता, अनुभव र परिस्थितिसँगै प्राथमिकता पनि निरन्तर परिवर्तन हुँदै जान्छ, जसले उसलाई परिपक्व र सन्तुलित जीवनतर्फ लैजान्छ। मान्छेको पहिलो प्राथमिकता (Top priority) समयसँगै किन बदलिन्छ भन्ने धेरै कारणहरू छन्।

**मुख्य कारणहरू यस्ता छन्:**

१. जीवनको चरण परिवर्तन (Life stage change)

मान्छेको जीवन विभिन्न चरणहरूबाट गुज्रिन्छ, र प्रत्येक चरणको आवश्यकता, जिम्मेवारी र सोंच फरक-फरक हुन्छ। यही कारणले प्राथमिकता पनि समयसँगै परिवर्तन हुँदै जान्छ। बाल्यकालमा, व्यक्तिको मुख्य ध्यान सिकाइ, खेलकुद र आधारभूत विकासमा हुन्छ। यहाँ अभिभावक र शिक्षकको मार्गदर्शन महत्वपूर्ण हुन्छ, त्यसैले पढाइ नै पहिलो प्राथमिकता बन्छ। किशोर तथा युवावस्थामा, व्यक्ति आफ्नो पहिचान बनाउन खोज्छ। करियर निर्माण, सीप विकास, आर्थिक स्वतन्त्रता र आत्मनिर्भर बन्ने लक्ष्य प्रमुख हुन्छ। यस चरणमा प्रतिस्पर्धा पनि बढी हुने भएकाले पैसा र पेशागत सफलता प्राथमिकतामा पर्छ। विवाहपछि वा पारिवारिक जीवनमा, जिम्मेवारीहरू बढ्छन्। जीवनसाथी, सन्तान र परिवारको सुरक्षालाई ध्यान दिनुपर्छ। त्यसैले स्थायित्व, बचत, घरपरिवारको सुख-शान्ति पहिलो प्राथमिकता बन्छ। बुढ्यौलीतर्फ जाँदा, मानिसले जीवनलाई फरक दृष्टिले हेर्न थाल्छ। स्वास्थ्य, मानसिक शान्ति, आध्यात्मिकता र सन्तुष्टि महत्वपूर्ण हुन्छन्। यस समयमा "धेरै पाउनु" भन्दा "शान्त र सन्तुलित जीवन बाँच्नु" ठूलो कुरा बन्छ। यसरी प्रत्येक जीवन चरणले मानिसलाई नयाँ जिम्मेवारी, नयाँ अनुभव र नयाँ सोच दिन्छ। फलस्वरूप, पहिले अत्यन्त महत्वपूर्ण लागेको कुरा पछि कम महत्वपूर्ण हुन सक्छ, र नयाँ प्राथमिकताहरू अघि आउँछन्। यही परिवर्तनशीलता नै जीवनको स्वाभाविक प्रक्रिया हो, जसले मानिसलाई क्रमशः परिपक्व र सन्तुलित बनाउँदै लैजान्छ। त्यसैले पहिले पहिलो प्राथमिकता परेको कुरा पछि दोस्रो-तेस्रो हुदै जान्छ।

२. आवश्यकता पूरा भइसकेपछि (Need Shift –Need satisfied effect)

जब कुनै लक्ष्य पूरा हुन्छ, त्यो लक्ष्य स्वतः पहिलो प्राथमिकताबाट तल झर्छ र नयाँ आवश्यकता अगाडि आउँछ। यो मानवीय स्वभाव हो। मानिस सधैं अर्को स्तरतर्फ बढ्न खोज्छ। जब मानिस कुनै कुरा अभावमा हुन्छ, उसले त्यसलाई पूरा गर्न सबैभन्दा बढी ध्यान दिन्छ, जसले अभाव (lack) लाई पूर्तिको (fulfillment) दिशामा लैजान्छ। सुरुमा आर्थिक कठिनाइ हुँदा कमाइ (earning) नै जीवनको मुख्य लक्ष्य हुन्छ, तर जब पर्याप्त कमाइ भइसकेपछि मानिसले बुझ्न थाल्छ कि केवल पैसा मात्र पर्याप्त होइन, त्यसपछि उसको ध्यान जीवनको गुणस्तर (quality of life) तर्फ सर्छ, जहाँ समय, शान्ति र स्वतन्त्रता बढी महत्वपूर्ण हुन्छन्। त्यस्तै, प्रारम्भमा मानिस बाह्य उपलब्धि जस्तै पद, प्रतिष्ठा र धनमा केन्द्रित हुन्छ, तर अनुभव र परिपक्वतासँगै उसले आन्तरिक सन्तुष्टि (inner satisfaction) नै वास्तविक सफलता हो भन्ने महसुस गर्न थाल्छ। यसरी, मानिसको प्राथमिकता बाह्य उपलब्धिबाट आन्तरिक सन्तुलनतर्फ, कमाइबाट जीवनको गुणस्तरतर्फ र अभावबाट पूर्तितर्फ क्रमशः रूपान्तरण हुँदै जान्छ, जसले उसको जीवनलाई अझ अर्थपूर्ण र सन्तुलित बनाउँछ। यो परिवर्तनलाई "Need Shift" भनिन्छ, जहाँ पुरानो आवश्यकता पूरा भएपछि नयाँ, अझ गहिरो र अर्थपूर्ण आवश्यकता जन्मिन्छ। यसले देखाउँछ कि मानिसको चाहना स्थिर हुँदैन। एक लक्ष्य प्राप्त गरेपछि अर्को लक्ष्य जन्मिन्छ, र प्राथमिकता पनि त्यही अनुसार फेरिन्छ।

३. नयाँ जिम्मेवारी थपिनु (New responsibilities)

मानिसको जीवनमा जिम्मेवारीहरू समयसँगै बढ्दै जान्छन्, र यही जिम्मेवारीहरूको विस्तारले उसको प्राथमिकता पनि निरन्तर परिवर्तन गराउँछ। जब व्यक्ति विवाह गर्छ, उसले श्रीमान/श्रीमती, बुहारी वा ज्वाइँको रूपमा नयाँ भूमिकाहरू स्वीकार गर्नुपर्छ, जसले उसको व्यक्तिगत चाहनाभन्दा बढी सम्बन्ध र परिवारको जिम्मेवारीलाई महत्व दिन बाध्य बनाउँछ। त्यसैगरी, सन्तान जन्मिएपछि आमा वा बुवाको जिम्मेवारी थपिन्छ, जहाँ बच्चाको हेरचाह, शिक्षा र भविष्य पहिलो प्राथमिकता बन्छ। अझै अगाडि बढ्दै जाँदा, परिवारको अभिभावकको रूपमा सम्पूर्ण घरपरिवारको सुख-शान्ति, सुरक्षा र व्यवस्थापनको जिम्मेवारी पनि बढ्छ। साथै, पेशागत जीवनमा पनि कामधाम र करियर सम्बन्धी दायित्वहरूले समय, ध्यान र ऊर्जा माग्छन्। यी सबै नयाँ जिम्मेवारीहरू थपिँदै जाँदा मानिसले आफ्नो पुरानो प्राथमिकता पुनःसमायोजन गर्नुपर्छ, र कहिलेकाहीँ नयाँ जिम्मेवारी नै पहिलो प्राथमिकता बन्न पुग्छ। यसरी, जिम्मेवारीको वृद्धि सँगै जीवनको दिशा र प्राथमिकता स्वाभाविक रूपमा परिवर्तन हुँदै जान्छ।

४. अनुभवले सोच बदल्नु (Experience changes mindset)

अनुभवले मानिसलाई जीवनका वास्तविकता बुझ्न मद्दत गर्छ र त्यसले उसको प्राथमिकता नै परिवर्तन गरिदिन्छ। जब मानिस कुनै कठिन परिस्थिति भोग्छ, त्यसबाट उसले नयाँ पाठ सिक्छ र भविष्यका निर्णयहरू फरक ढङ्गले लिन थाल्छ। उदाहरणका लागि, यदि कुनै व्यक्तिको स्वास्थ्य बिग्रियो भने उसले पैसा वा कामभन्दा पहिले स्वास्थ्यलाई नै पहिलो प्राथमिकता दिन थाल्छ, किनकि उसले बुझ्छ कि स्वस्थ शरीर बिना कुनै सफलता अर्थहीन हुन्छ। त्यसैगरी, यदि कसैले धोका वा विश्वासघातको अनुभव गऱ्यो भने उसले सम्बन्ध र विश्वासलाई सबैभन्दा महत्वपूर्ण कुरा मान्न थाल्छ, किनकि उसले भावनात्मक सुरक्षा र भरोसाको मूल्य बुझ्छ। त्यस्तै, अत्यधिक कामको तनाव वा दबाबको अनुभवले मानिसलाई मानसिक शान्ति, आराम र सन्तुलनलाई पहिलो प्राथमिकता बनाउन सिकाउँछ। यसरी, अनुभव केवल ज्ञान होइन, जीवन बदल्ने शिक्षक पनि हो, जसले मानिसको सोच, दृष्टिकोण र प्राथमिकता क्रमशः परिष्कृत र परिमार्जित गर्दै लैजान्छ।

५. उमेरसँगै मूल्य (Values) बदलिनु

उमेर बढ्दै जाँदा मानिसको सोंच क्रमशः गहिरो, परिपक्व र यथार्थपरक हुँदै जान्छ। जीवनको प्रारम्भिक चरणमा मानिस प्रायः बाह्य आकर्षणहरूमा केन्द्रित हुन्छ–जस्तै पैसा कमाउने चाहना, रमाइलो गर्ने प्रवृत्ति, ख्याति प्राप्त गर्ने इच्छा र समाजमा प्रसिद्ध बन्ने लक्ष्य। यी कुराहरू उसलाई सफलताको प्रमुख आधार जस्तो लाग्छ। तर समय, अनुभव र जीवनका विभिन्न उतार-चढाव पार गर्दै जाँदा मानिसको दृष्टिकोण परिवर्तन हुन्छ। उमेर बढ्दै जाँदा उसले बुझ्न थाल्छ कि केवल पैसा वा प्रसिद्धि मात्र जीवनको पूर्णता होइन। त्यसपछि उसको प्राथमिकता परिवर्तन भएर अर्थपूर्ण जीवन, मानसिक शान्ति, सन्तुलन र परिवारसँगको आत्मीय सम्बन्धतर्फ सर्दै जान्छ। परिवार, नजिकका सम्बन्ध र आन्तरिक सन्तुष्टि नै वास्तविक खुशीका स्रोत हुन् भन्ने महसुस उसले गर्न थाल्छ। यसरी, उमेर र अनुभवसँगै हुने यस परिवर्तनलाई "maturity shift" भनिन्छ, जसले मानिसलाई बाह्य सफलताबाट आन्तरिक सन्तोष र जीवनको गहिरो अर्थतर्फ मार्गदर्शन गर्छ।

६. डर र सुरक्षा (Fear & Security)

मानिसको प्राथमिकता धेरैजसो डर र असुरक्षाको अनुभूतिबाट पनि प्रभावित हुन्छ। जब जीवनमा कुनै खतरा वा अनिश्चितता देखा पर्छ, मानिसको ध्यान तुरुन्तै त्यही समस्याको समाधानतर्फ केन्द्रित हुन्छ। उदाहरणका लागि, यदि कुनै व्यक्ति बेरोजगार भयो भने उसको पहिलो प्राथमिकता रोजगारी पाउनु र आर्थिक स्थायित्व बनाउनु हुन्छ, किनकि उसले भविष्य असुरक्षित महसुस गर्छ। त्यसैगरी, यदि कोही बिरामी भयो भने स्वास्थ्य नै सबैभन्दा महत्वपूर्ण बन्छ, किनकि जीवन बचाउनु अन्य सबै कुरा भन्दा ठूलो आवश्यकता हुन्छ। आर्थिक समस्याको अवस्थामा पनि मानिसले खर्च कम गर्ने, बचत गर्ने र आर्थिक सुरक्षा सुनिश्चित गर्ने कुरालाई पहिलो प्राथमिकता बनाउँछ। यसरी, जहाँ खतरा, जोखिम वा असुरक्षाको अनुभूति हुन्छ, त्यही कुरा मानिसको जीवनमा सबैभन्दा अगाडि आउँछ। डरले मानिसलाई सचेत बनाउँछ र उसलाई आफ्नो प्राथमिकता पुनःनिर्धारण गर्न बाध्य पार्छ, जसले उसको निर्णय र व्यवहारमा प्रत्यक्ष प्रभाव पार्छ।

७. परिवेश र अवसर (Environment & Opportunities)

मानिसको प्राथमिकता उसले बस्ने वातावरण र पाउने अवसरसँग गहिरो रूपमा जोडिएको हुन्छ। जहाँ मानिस बस्छ, त्यहीको सामाजिक संरचना, जीवनशैली र अवसरहरूले उसको सोच र निर्णयलाई प्रभाव पार्छ। शहरमा बस्ने मानिसहरू सामान्यतया तीव्र प्रतिस्पर्धा, आधुनिक शिक्षा र करियर विकासको अवसरसँग जोडिएका हुन्छन्, त्यसैले उनीहरूले करियर, पैसा र व्यक्तिगत प्रगति (growth) लाई बढी प्राथमिकता दिन सक्छन्। त्यसको विपरीत, गाउँमा बस्ने मानिसहरूको जीवन तुलनात्मक रूपमा सरल, परिवारकेन्द्रित र स्थिर हुन्छ, जसले गर्दा उनीहरूले सम्बन्ध, पारिवारिक जिम्मेवारी र दीर्घकालीन स्थायित्वलाई बढी महत्व दिन्छन्। त्यस्तै, जब कुनै व्यक्तिले विदेश जाने अवसर पाउँछ, उसको प्राथमिकता फेरि परिवर्तन हुन सक्छ। उसले नयाँ देशमा बसाइ, राम्रो आम्दानी, सीप विकास र भविष्य सुरक्षित गर्ने कुरालाई पहिलो प्राथमिकता दिन थाल्छ। यसरी, वातावरण र अवसरले मानिसको सोंच, लक्ष्य र प्राथमिकता निरन्तर बदल्दै लैजान्छ, जसले उसको जीवनको दिशा निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्छ।

८. सामाजिक प्रभाव (Social Influence)

साथीभाइ, परिवार, समाज र मिडियाले मानिसको सोच, व्यवहार र निर्णयमा गहिरो प्रभाव पार्छ। मानिस सामाजिक प्राणी भएकाले उसले आफ्ना वरिपरिका मानिसहरूलाई हेरेर धेरै कुरा सिक्छ र त्यसैअनुसार आफ्नो लक्ष्य तथा प्राथमिकता पुनःनिर्धारण गर्छ। उदाहरणका लागि, यदि कुनै व्यक्तिले आफ्नो साथीहरू वा नजिकका मानिसहरू सफल भएको देख्छ भने, उसमा पनि त्यस्तै सफलता हासिल गर्ने इच्छा जाग्न सक्छ, जसले उसको ध्यान करियर, व्यवसाय वा नयाँ अवसरतर्फ मोड्न सक्छ। त्यस्तै, परिवारको अपेक्षा र सुझावले पनि मानिसको प्राथमिकता परिवर्तन गर्न सक्छ, किनकि धेरैजसो निर्णयहरू परिवारको भविष्यसँग जोडिएका हुन्छन्। समाजमा देखिने जीवनशैली, सफल व्यक्तिहरूको कथा र मिडियामा आउने प्रेरणादायी सामग्रीहरूले पनि मानिसको सोचमा ठूलो असर पार्छ। सामाजिक सञ्जाल र टेलिभिजनमा देखिने सफलताको चित्रणले मानिसलाई आफ्नो वर्तमान अवस्थाभन्दा फरक लक्ष्यतर्फ आकर्षित गर्न सक्छ। यसरी, सामाजिक प्रभावले मानिसको चाहना, लक्ष्य र प्राथमिकता निरन्तर परिमार्जन गर्दै लैजान्छ, जसले उसको जीवनको दिशा र निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छ।

९. समयको मूल्य बुझेपछि (Realization of Time Value)

उमेर बढ्दै जाँदा मानिसले समयको वास्तविक महत्व बुझ्न थाल्छ। युवावस्थामा समय पर्याप्त छ जस्तो लाग्ने भएकाले धेरैजसो मानिस अनावश्यक काम, मनोरञ्जन वा अस्थायी खुशीतर्फ आकर्षित हुन्छन्। तर अनुभव बढ्दै जाँदा र जिम्मेवारी थपिँदै जाँदा समय सीमित र अत्यन्त मूल्यवान छ भन्ने अनुभूति हुन थाल्छ। यसपछि मानिसको प्राथमिकता पनि परिवर्तन हुन्छ। ऊ अनावश्यक कुरामा समय खर्च गर्नुको सट्टा अर्थपूर्ण काम, करियर विकास, र दीर्घकालीन लक्ष्यतर्फ ध्यान दिन थाल्छ। त्यस्तै, सम्बन्धको महत्व पनि अझ स्पष्ट हुन्छ। परिवार, नजिकका साथीभाइ र प्रियजनसँग गुणस्तरीय समय बिताउने कुरालाई ऊ बढी प्राथमिकता दिन्छ। साथै, आत्मसन्तुष्टि (self–satisfaction) र मानसिक शान्ति पनि महत्वपूर्ण बन्दै जान्छ। मानिसले बुझ्छ कि केवल व्यस्त हुनु मात्र सफलता होइन, बरु सही कुरामा समय लगाउनु नै वास्तविक उपलब्धि हो। यसरी, समयको मूल्य बुझिसकेपछि मानिसको जीवन अझ व्यवस्थित, उद्देश्यपूर्ण र सन्तुलित बन्छ, जसले उसको प्राथमिकता गहिरो रूपमा परिवर्तन गरिदिन्छ।

१०. आत्मचिन्तन र आत्मबोध (Self–awareness)

जब मानिसले आफूलाई राम्रोसँग बुझ्न थाल्छ, उसले आफ्नो वास्तविक चाहना, क्षमता र जीवनको उद्देश्य पहिचान गर्न थाल्छ। यो प्रक्रिया आत्मचिन्तन (self–reflection) र आत्मबोध (self–awareness) बाट सुरु हुन्छ, जहाँ मानिसले बाह्य प्रभावभन्दा बढी आफ्नो भित्री आवाज सुन्न सिक्छ। पहिले समाज, परिवार वा परिस्थितिले बनाइदिएको लक्ष्यलाई नै आफ्नो लक्ष्य ठानेको व्यक्ति पछि आफू वास्तवमै के चाहन्छु भन्ने प्रश्न गर्न थाल्छ। यही सोंच परिवर्तनले उसको प्राथमिकता पनि फेरिन्छ। उदाहरणका लागि, पहिले पैसा वा पदलाई मात्र सफलता ठान्ने व्यक्ति पछि आफ्नो रुचि, मानसिक शान्ति र अर्थपूर्ण जीवनलाई बढी महत्व दिन थाल्छ। आत्मबोधले मानिसलाई अनावश्यक दबाब र गलत प्रतिस्पर्धाबाट टाढा राख्दै सही दिशा छनोट गर्न मद्दत गर्छ। यसले जीवनलाई केवल बाँच्ने प्रक्रिया होइन, अर्थपूर्ण यात्रा बनाउँछ। यसरी, जब मानिस आफूलाई बुझ्न थाल्छ, उसले आफ्नो जीवनका वास्तविक मूल्यहरू (values) अनुसार प्राथमिकता पुनःनिर्धारण गर्छ, जसले उसको निर्णय, लक्ष्य र जीवनशैलीमा गहिरो परिवर्तन ल्याउँछ।

११. प्रविधि र समयको परिवर्तन (Technology & Changing Times)

समयसँगै प्रविधि तीव्र रूपमा विकसित हुँदै जाँदा मानिसको जीवनशैली, काम गर्ने तरिका र सोचमा गहिरो परिवर्तन आएको छ। यही परिवर्तनले मानिसको प्राथमिकतामा पनि ठूलो असर पार्छ। पहिले स्थायित्व (job security) सबैभन्दा महत्वपूर्ण मानिन्थ्यो। सरकारी जागिर, पेन्सन र दीर्घकालीन सुरक्षा नै मुख्य लक्ष्य हुन्थ्यो। तर अहिलेको डिजिटल युगमा लचकता (flexibility), सीप (skills) र अवसर (opportunities) बढी महत्वपूर्ण भएका छन्। मानिसहरूले अब एकै जागिरमा सीमित रहनुभन्दा नयाँ-नयाँ सीप सिक्ने, अनलाइन काम गर्ने, र स्वतन्त्र रूपमा कमाउने (freelancing, remote work) कुरालाई प्राथमिकता दिन थालेका छन्। प्रविधिले आयका स्रोतहरू विविध बनाएको छ। जस्तै अनलाइन व्यवसाय, डिजिटल मार्केटिङ, कन्टेन्ट क्रिएसन, आईटी सेवाहरू आदि। यसले मानिसलाई "एक मात्र बाटो" होइन, धेरै विकल्पहरू छन् भन्ने सोच दिन्छ। फलस्वरूप, प्राथमिकता पनि स्थायित्वबाट अवसर र विकासतर्फ सर्दै जान्छ। अर्कोतर्फ, प्रविधिले समय र ध्यानमा प्रतिस्पर्धा पनि बढाएको छ। सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्महरूले मानिसको ध्यान तान्छन्, जसले कहिलेकाहीँ प्राथमिकता बिथोल्न सक्छ। त्यसैले अहिलेको समयमा डिजिटल अनुशासन (digital discipline) र समय व्यवस्थापन पनि नयाँ प्राथमिकता बनेको छ।

१२. प्रतिस्पर्धा र दबाब (Competition & Pressure)

आधुनिक समाजमा प्रतिस्पर्धा बढ्दै जाँदा मानिसले आफ्नो प्राथमिकता पनि त्यही अनुसार मिलाउँछ। अरूभन्दा अगाडि बढ्न, सुरक्षित हुन वा सफल देखिन मानिसले आफ्नो लक्ष्य परिवर्तन गर्छ। पहिलो, बाँच्न र सुरक्षित हुन (survival & security) को भावना बलियो हुन्छ। जब अवसर सीमित र प्रतिस्पर्धा धेरै हुन्छ, मानिसले स्थायित्व दिने काम, राम्रो आम्दानी र सुरक्षित भविष्यलाई पहिलो प्राथमिकता दिन्छ। दोस्रो, अरूसँग तुलना (comparison) ले पनि ठूलो भूमिका खेल्छ। साथीभाइ वा सहकर्मीको सफलता देख्दा मानिसमा आफू पनि त्यस्तै हुनुपर्छ भन्ने भावना आउँछ। यसले कहिलेकाहीँ आफ्नो वास्तविक चाहना भन्दा बाहिर गएर लक्ष्य परिवर्तन गराउँछ। तेस्रो, सामाजिक अपेक्षा (social expectations) पनि दबाबको स्रोत हो। परिवार वा समाजले "सफल" देखिनुपर्ने अपेक्षा राख्दा मानिसले आफ्नो प्राथमिकता त्यही अनुरूप मिलाउन बाध्य हुन्छ। तर यस्तो दबाबको नकारात्मक असर पनि हुन सक्छ–जस्तै मानसिक तनाव, थकान (burnout), र असन्तुष्टि। त्यसैले समयसँगै धेरै मानिसले बुझ्न थाल्छन् कि केवल प्रतिस्पर्धामा जित्नु मात्र सफलता होइन, आफ्नै गति (pace), सन्तुलन र मानसिक शान्ति पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

१३. असफलता र सिकाइ (Failure & Learning)

असफलताले मानिसलाई नयाँ दिशा देखाउँछ। पहिले एउटा लक्ष्यमा केन्द्रित भएको व्यक्ति असफल भएपछि नयाँ बाटो रोज्न सक्छ, जसले प्राथमिकता परिवर्तन गराउँछ। असफलताले दुईवटा ठूला परिवर्तन ल्याउँछ। पहिलो, यसले मानिसलाई आफ्नो कमजोरी, सीमितता र वास्तविक क्षमताबारे स्पष्ट बनाउँछ। दोस्रो, यसले नयाँ सम्भावना र वैकल्पिक बाटोहरू देखाउँछ। उदाहरणका लागि, कुनै व्यक्तिले सरकारी जागिरलाई मात्र लक्ष्य बनाएको थियो भने बारम्बार असफल भएपछि उसले निजी क्षेत्र, व्यवसाय वा अन्य सीपमा ध्यान दिन सक्छ।

यस प्रक्रियामा मानिसको सोच "एकै लक्ष्यमा अड्किने" अवस्थाबाट "लचिलो (flexible) र खुला" बन्छ। ऊ बुझ्न थाल्छ कि सफलता पाउने बाटो एउटै हुँदैन। यही बुझाइले उसको प्राथमिकता बदलिन्छ–अब ऊ केवल परिणामभन्दा बढी सिकाइ, अनुभव र व्यक्तिगत विकासलाई महत्व दिन थाल्छ।

१४. सम्बन्धको महत्व (Importance of Relationships)

सम्बन्धहरू बलियो वा कमजोर हुने क्रममा मानिसले आफ्नो प्राथमिकता पुनःनिर्धारण गर्छ। कहिलेकाहीँ करियरभन्दा परिवार महत्वपूर्ण हुन्छ, त कहिले व्यक्तिगत स्वतन्त्रता। जीवनका विभिन्न चरणमा सम्बन्धहरूको भूमिका पनि बदलिन्छ। युवावस्थामा साथीभाइ महत्वपूर्ण हुन सक्छन्, विवाहपछि जीवनसाथी र परिवार, र पछि सन्तान र नजिकका व्यक्तिहरू। यस क्रममा मानिसले आफ्नो समय, ऊर्जा र ध्यान कसलाई दिने भन्ने निर्णय गर्छ, जसले उसको प्राथमिकता निर्धारण गर्छ।

१५. मानसिक स्वास्थ्य र सन्तुलन (Mental Health & Balance)

आजको समयमा मानसिक स्वास्थ्यप्रति सचेतना बढ्दै गएको छ। अत्यधिक काम, तनाव वा थकानले मानिसलाई जीवनमा सन्तुलन खोज्न बाध्य बनाउँछ, जसले प्राथमिकता परिवर्तन गराउँछ। जस्तै, यदि कुनै व्यक्ति धन-दौलतलाई पहिलो प्राथमिकता दिएर अथाह सम्पत्ति कमाइरहेको थियो भने, अचानक ऊ गम्भीर बिरामी पर्छ। जस्तै हृदयाघात, मधुमेह, उच्च रक्तचाप, मुटुरोग वा क्यान्सर। त्यसपछि उसको सोच र प्राथमिकता पूर्णरूपमा परिवर्तन हुन्छ। पहिले उसको लागि पैसा सबैभन्दा महत्वपूर्ण थियो भने, त्यही व्यक्ति पछि स्वास्थ्य नै जीवनको सबैभन्दा ठूलो सम्पत्ति हो भन्ने महसुस गर्न थाल्छ। त्यस अवस्थामा धन-सम्पत्ति दोस्रो स्थानमा झर्छ र आफ्नो स्वास्थ्य जोगाउने, उपचार गर्ने, मानसिक शान्ति पाउने र जीवनलाई सुरक्षित बनाउने कुरा नै पहिलो प्राथमिकता बन्छ। उसले तब बुझ्छ कि पैसा कमाउनु मात्रै जीवन होइन, स्वस्थ शरीर र शान्त मन बिना कुनै पनि सफलता अधुरो हुन्छ। यसले के देखाउँछ भने, जीवनमा आउने चुनौती र अनुभवले मानिसको प्राथमिकता गहिरो रूपमा बदलिदिन्छ, र अन्ततः मानिसले वास्तविक मूल्य के हो भन्ने कुरा बिस्तारै बुझ्न थाल्छ।

१६. लक्ष्यको पुनःपरिभाषा (Redefining Success)

उमेर, अनुभव र जीवनका उतार-चढावसँगै मानिसले "सफलता" लाई हेर्ने दृष्टिकोण नै परिवर्तन गर्न थाल्छ। प्रारम्भिक चरणमा धेरैजसो मानिसका लागि सफलता भनेको राम्रो जागिर, उच्च तलब, प्रतिष्ठा र सामाजिक मान-सम्मान हुन्छ। यो स्वाभाविक पनि हो, किनकि त्यतिबेला मानिस आफ्नो पहिचान बनाउन, आर्थिक रूपमा सक्षम हुन र समाजमा स्थान बनाउन चाहिरहेको हुन्छ। तर समयसँगै जब केही लक्ष्यहरू हासिल हुन्छन्। जस्तै पैसा, पद वा ख्याति। त्यसपछि मानिसले एउटा गहिरो प्रश्न सोध्न थाल्छ: "के म साँच्चै खुसी छु ?" यहीँबाट लक्ष्यको पुनःपरिभाषा सुरु हुन्छ। उसले बुझ्न थाल्छ कि बाह्य उपलब्धि मात्र पर्याप्त हुँदैन, भित्री सन्तुष्टि र शान्ति पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ।

यसरी हेर्दा, प्राथमिकता बदलिनु स्वाभाविक प्रक्रिया हो। यो परिवर्तनले मानिसलाई परिपक्व, व्यावहारिक र सन्तुलित जीवनतर्फ लैजान मद्दत गर्छ। मानिसको प्राथमिकता परिवर्तन हुनु बहुआयामिक प्रक्रिया हो। त्यसैले व्यक्तिको जीवनभर एउटै कुरा पहिलो प्राथमिकता रहँदैन। जब मानिसको सोच (Mindset) बदलिन्छ, त्यसले जीवन, निर्णय, व्यवहार र प्राथमिकतामा ठूलो परिवर्तन ल्याउन सक्छ। जब मानिसको सोंच बदलिन्छ, उसले लिने निर्णयहरू, जस्तै कसलाई समर्थन गर्ने वा कसलाई भोट दिने भन्ने कुरा पनि बदलिन सक्छ।

स्वास्थ्यखबरबाट

### नारायणगढ-बुटवल सडकः

# दाउन्नेमा एकतर्फी ढलानको काम सकियो



नवलपरासी । नारायणगढ-बुटवल सडक विस्तार आयोजनाअन्तर्गत पूर्वी खण्डको दाउन्नेमा सडकको एकतर्फी ढलानको काम सकिएको छ । आयोजनाको पूर्वी खण्डका सूचना अधिकारी शिव खनालका अनुसार दाउन्नेमा एकतर्फी ढलानको काम सम्पन्न भएको हो। पूर्वी खण्डमा दाउन्ने करिब चार किलोमिटर पर्नेमा एकतर्फी रूपमा ढलानको काम सकिएको उनले बताए।

एकतर्फी ढलानको काम सकिएको र अब चाँडै उक्त क्षेत्रमा पक्की सडकबाटै यातायात सञ्चालन हुनेछन् । दाउन्नेमा ढलानको काम नसकिँदा सामान्य वर्षा हुँदा सवारी जामको समस्या भोग्दै आउनु परेको थियो।

अब चौध दिन पूरा भएपछि दाउन्नेको पूर्वी खण्डमा ढलान सडकबाटै यात्रा गर्न सकिने सूचना अधिकारी खनालले बताए । "दाउन्नेमा एकतर्फी ढलानको काम सकिएको छ, अब चाँडै यात्रा सहज हुनेछ ।"- सूचना अधिकारी खनालले भने।

दाउन्नेमा एकतर्फी ढलानको काम सकिएसँगै नारायणगढ-बुटवल सडक आयोजनाअन्तर्गत पूर्वी खण्डको पुरै भाग ६५ किलोमिटर सडक कालोपत्र र ढलानले जोडिएको सूचना अधिकारी खनालले जनाए । "दाउन्नेमा एकतर्फी ढलानको काम सकिएको छ, योसँगै पुरै ६५ किलोमिटर सडक कालोपत्र र पक्की सडकले जोडिएको छ," सूचना अधिकारी खनालले भने-"अबको चौध दिनपछि पूर्वी खण्डका सबै क्षेत्रमा कालोपत्र र पक्की सडकमा यात्रा गर्न सकिन्छ ।" दाउन्नेको पूर्वी खण्डमा पक्की सडकले जोडिए पनि पश्चिम खण्डमा भने अझै पूर्ण रूपमा ढलानको काम सकिएको छैन।

नारायणगढ-बुटवल सडक विस्तारको काम २०७५ माघ २४ गते सम्झौता भई २०७९ साउन २२ गते सम्पन्न गर्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले काम सुरु गरेको थियो। नारायणगढ-बुटवल सडकको कुल ११३ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको थियो। निर्धारित समयमा काम सम्पन्न नभएपछि पटक-पटक म्याद थप गरिएको थियो। अहिले चौथो पटक थपिएको म्यादमा काम अघि बढिरहेको छ। आयोजना सुरु भएको सात वर्ष पूरा हुँदा यस खण्डको यात्रा सहज हुँदै गएको छ।

एसियाली विकास बैङ्क (एडिबी)को ऋण सहयोगमा अघि बढेको सडक विस्तार योजनाको दुवै खण्ड गरेर कुल करिब रु १७ अर्ब लागत रहेको छ।

# जैविक मार्ग धमाधम संरक्षण हुँदै

राँझा। वन क्षेत्रमा बढ्दै गएको अतिक्रमणले सङ्कटमा परेको बाँकेस्थित कम्दी जैविक मार्ग संरक्षण सुरु गरिएको छ।

नेपाल-भारत सीमावर्ती निकुञ्जमा वन्यजन्तु आउजाउ गर्ने कम्दी जैविक मार्ग मानव बस्ती विस्तार, वन फँडानी र अतिक्रमणका कारण ठाउँठाउँमा टुक्रिँदै गएको मार्गलाई वृक्षरोपण गरी संरक्षण गर्न थालिएको डिभिजन वन कार्यालय बाँकेका वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जानकारी दिए।

उनका अनुसार, राप्ती सोनारी गाउँपालिका-६ अवस्थित राप्ती पीडित तथा गुलरी सामुदायिक वनमा राप्ती नदीको बाढी र अतिक्रमणका कारण जैविक मार्ग टुक्रिएको स्थानमा वन जोड्न अतिक्रमण हटाउने र खाली सरकारी जग्गामा वृक्षरोपण गरेर जैविक मार्ग संरक्षण कार्य हुँदै आएको छ।

कम्दी जैविक मार्गअन्तर्गत राप्तीसोनारी-६ अवस्थित राप्ती पीडित तथा गुलरी सामुदायिक वन क्षेत्रमा भएको करिब १०० हेक्टर अतिक्रमण वन कार्यालयले हटाएको छ। अतिक्रमणका कारण खाली भएको क्षेत्रमा तारबार गरेर वृक्षरोपण गरेपश्चात् अहिले टुक्रिएको मार्ग जोडिएको छ।

कम्दी जैविक मार्गअन्तर्गत राप्ती सोनारी-६ अवस्थित राप्ती पीडित तथा गुलरी सामुदायिक वनको मसुरियामा राप्ती नदीको बाढी र अतिक्रमणका कारण टुक्रिएको वन जोड्न तराई भू-परिधि कार्यक्रमले तारबार गरेको हो। सामुदायिक वनमा हटाएको अतिक्रमित क्षेत्रमध्ये करिब ८५ हेक्टर क्षेत्रफलमा तारवार गरेर संरक्षणको थालनी गरिएको छ। जैविक मार्गअन्तर्गत टुक्रिएको वन जोड्ने क्रमशः अन्य क्षेत्रमा पनि काम गरिने सुवेदीले जानकारी दिए।

पछिल्लो पटक कम्दी जैविक मार्गमा रहेका १८ सामुदायिक वन र दुई वटा चक्ला वनमा वन्यजन्तुको वासस्थान सुधार कार्यक्रम पनि सुरु गरिएको छ। डिभिजन वन कार्यालय, बाँकेले इलम परियोजनको समन्वयमा वन्यजन्तुको बासस्थान सुधारका लागि घाँसेमैदानको व्यवस्थापन, कृत्रिम पानी पोखरी र पुनःरुत्थान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। हालै ४५० वर्गकिलोमिटर क्षेत्रफलको कम्दी करिडोरमा अहिलेसम्म १५ कृत्रिम पानी पोखरी निर्माण भएको उल्लेख गर्दै ५६ हेक्टर जमिन क्षेत्रफलमा पुनःरुत्थान तथा वनको प्रवर्द्धन कार्यक्रम भएको सुवेदीको भनाइ छ।

भारतको सोहेलुवा वन्यजन्तु आरक्ष जोड्ने कम्दी जैविक मार्ग क्षेत्रमा पुनःरुत्थान कार्यक्रमअन्तर्गत झाँडी प्रजाती हटाएर प्राकृतिक प्रजातिका साल, खयर, असना, धौठीलगायतका प्रजातिको संरक्षण तथा सम्वर्द्धन गरिएको छ।

"हामीले खासगरी जैविक मार्गमा त्यस क्षेत्रका बासिन्दाका लागि जीविकोपार्जनका साथसाथै दिगो वन व्यवस्थापनमा पनि जोड दिएर काम गरिरहेका छौँ", सुवेदीले भने-"जैविक मार्गमा वन्यजन्तु सुधारसँगै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वन उद्यम, दुना तथा टपरी उद्यमका लागि अनुदान सहयोगलगायत वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि तारजालीको व्यवस्थापन गरिएको छ।"

# 'एक घर एक धारा'ले फेरियो दैनिकी




बलेवा । भौगोलिक हिसाबले बागलुङ जिल्लाको अति विकट मानिने जैमिनी नगरपालिका-३ दमेकको देउरालीखानीका सर्वसाधारणले लामो समयपछि सहजै खानेपानी पाएका छन्।

गाउँमा 'एक घर, एक धारा' योजना सम्पन्न भएपछि स्थानीयलाई सजिलो भएको छ । गोर्खा वेलफेयर ट्रष्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग, नगरपालिकाको समन्वय र स्थानीय जनसहभागितामा देउरालीखानीमा 'एक घर, एक धारा' योजना सम्पन्न भएको छ।

योजनाअन्तर्गत देउरालीखानीका ३४ घरधुरी लाभान्वित भएका छन् । त्यसबाहेक विद्यालय र खोप क्लिनिक गरी ३६ वटा खानेपानीको धारा निर्माण गरिएको हो। गोर्खा वेलफेयरको रु ३६ लाख र स्थानीयको रु नौ लाख बराबरको श्रमदान गरी कूल रु ४५ लाख बजेटमा 'एक घर, एक धारा' योजना सम्पन्न गरिएको देउरालीखानी माझगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष वेदबहादुर छन्त्यालले जानकारी दिए।

माझगाउँको शिरमा रहेको छेरछेरे मूलको पानी सङ्कलन गरेर गाउँका घर घरमा वितरण गरिएको छ। योजनाअन्तर्गत दुई हजार लिटरका दुई, चार र पाँच हजार लिटर क्षमताका दुई ट्याङ्की निर्माण गरिएको छन्त्यालले बताए। योजना बनेपछि देउरालीखानीमा पर्याप्त खानेपानीको व्यवस्था भएको अध्यक्ष छन्त्यालको भनाइ थियो।

विसं २०५३ मा कादुरी संस्थाले निर्माण गरिदिएको खानेपानी योजनाअन्तर्गत बनेका सामूहिक धाराबाट माझगाउँवासीले पानी उपभोग गर्दै आएका थिए। "योजना जीर्ण हुनु र सामूहिक धाराले उपभोक्तालाई असहज थियो, घरघरमा धारा बनेपछि पर्याप्त खानेपानी उपभोग गर्न पाएका छौँ।"- समितिका सचिव जमुना छन्त्यालले भनिन्।

खानेपानीको स्रोत भएर पनि सहज रूपमा खानेपानी नपाउँदा समस्या झेल्दै आएका थिए। घरघरमा खानेपानी विस्तार भएसँगै स्थानीयवासी खुसी भएका छन्। आँगनमै खानेपानीको धारा निर्माण भएपछि दैनिक उपभोग गर्न र बस्तुभाउलाई खुवाउन निकै सजिलो भएको छन्त्यालले बताइन् । उनले भनिन्-"सबैको घरमा चौबिसै घण्टा फिल्टर गरेको स्वच्छ खानेपानी आउन थालेपछि माझगाउँवासीलाई सुविस्ता भएको छ।"

जनजातिको बाक्लो बस्ती रहेको देउरालीखानी अर्गानिक गाउँका रूपमा पनि परिचित छ । खानेपानी योजनालाई दिगोपना दिन नगरपालिकाले साथ दिने जैमिनीका नगरप्रमुख हरिहर शर्माले बताए। "नागरिकको दुःखमा साथ दिन स्थानीय सरकार सधैँ तत्पर छ", योजनाको शुभारम्भ शर्माले भने-"सीमित स्रोत र साधनका बाबजुत पनि दुरदराजका जनताका न्यूनतम् आवश्यकता परिपूर्ति गर्न तयार छौँ।"

---

### सुकुम्वासी...

राज्य सञ्चालनको शैली लोकतान्त्रिक हुनुपर्नेमा जोड दिँदै आङ्देम्बेले बल प्रयोगमार्फत् गरिने व्यवस्थापनले नागरिकमा त्रास सिर्जना हुने र त्यसले विद्रोह उत्पन्न हुने चेतावनी दिए । मुलुकलाई व्यवस्थित र सुन्दर बनाउने विषयमा आफूहरूको कुनै असहमति नरहेको उनले स्पष्ट पारे। खोलानाला, राजधानी तथा देशका विभिन्न भूगोललाई व्यवस्थित र आकर्षक बनाउने कार्यमा सबैको साझा चाहना रहेको उनको भनाइ छ। तर, व्यवस्थित गर्ने नाममा विधि र प्रक्रिया मिच्न नहुनेमा जोड दिँदै उनले लोकतान्त्रिक मूल्य र मान्यताभित्र रहेर काम गर्न सरकारलाई सुझाव दिए।

'हामीले मुलुकलाई व्यवस्थित गर्ने कुरामा कहाँ विमति जनाएका छौँ ? हाम्रा खोलानाला थप सुन्दर बनून्, हाम्रो राजधानी र देशका चारकिल्ला व्यवस्थित होऊन्, यो हामी सबैको चाहना हो,' उनले भने-'तर, शैली लोकतान्त्रिक हुनुपर्‍यो। जमिन सरकारको हुने, जनता कसको हुने ? भन्ने प्रश्न त उठेको छ नि ! व्यवस्थित गर्ने नाममा विधि र प्रक्रिया त हुनुपर्‍यो।'

अव्यवस्थितलाई हटाउने नाममा गरिएको डोजर आतङ्कले दुई जनाको मृत्यु भएको र सयौँ विद्यार्थी भविष्यविहीन भएको दाबी गर्दै उनले भने-'जब मान्छे मृत्युसम्म पुग्ने अवस्था हुन्छ भने जनता आतङ्कित हुन्छ । राज्य आतङ्कको पर्याय बन्नु हुँदैन, राज्य त अभिभावक पो हुनुपर्छ। उनले थपे- 'जसरी सुकुम्वासीको नाममा यो खालको आतंक छ, यसलाई विधि र प्रक्रियाभित्र ल्याउनुस्, हामी प्रतिपक्षका रूपमा साथ दिन्छौँ। तर, डोजर चलाउनका निम्ति त हामीलाई बोलाउनुभएन नि !'

यसैबिच नेकपा एमालेका नेता प्रदीप ज्ञवालीले सुकुम्वासी बस्ती हटाउन सरकारले चालेको कदमप्रति असन्तुष्टि जनाएका छन्।

काठमाडौँमा आयोजित एक कार्यक्रममा बोल्दै प्रधानमन्त्री बालेन शाहलाई बागमतीमा बगेको आँसुले नेपाल हासेको देखिन्छ ? भन्दै प्रश्न गरे। उनले भने-'प्रधानमन्त्रीजीको म नेपाल हाँसेको हेर्न चाहन्छु भन्ने सुन्दर नारा छ । तर बागमतीको किनारमा बगिरहेको आँसुले नेपाल हाँसिरहेको देखिन्छ कि नेपाल रोइरहेको ? खराब मान्छेहरू होलान्, स्क्रिन गर्न सकिने ठाउँ थियो नि। थापाथलीमा हजारभन्दा बढी नगर प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, छक्कै परियो यो सेनासमेत त्यहाँ थियो।'

उनले वास्तविक सुकुम्वासीको पहिचान नै नगरी डोजर चलाएर सरकारले राम्रो लक्षण नदेखाएको बताए । उनले तराई-मधेस क्षेत्रका साना व्यापार र सीमावर्ती गतिविधिमा देखिएका समस्याले नेपाल-भारत सम्बन्धमा समेत असर पार्न सक्ने बताए।

उनले थपे-'मधेसको जिल्ला समन्वय समितिका प्रमुखजीहरू आउनुभयो होला, सय रुपैयाँको सामानमा तानातान भएको छ।

नेपाल-भारत सम्बन्धको एउटा महत्त्वपूर्ण कम्पोनेन्ट भनेको पिपल टु पिपल कनेक्सन हो। त्यो पिपल टु पिपल कनेक्सनमा भोलि समस्या आउने हो कि ? यस्ता थुप्रै कुराहरू छन्।'

सरकारले अध्यादेशमार्फत कानुन ल्याउने अभ्यासप्रति पनि उनले असन्तुष्टि जनाए। संसद् चलिरहेको अवस्थामा अध्यादेश ल्याउनु अपवाद हुनुपर्ने बताए।

### पीडितले...

हिमलाल खत्री, वीरबहादुर दमाई भने धन्चौरमै बसोबास गरेका छन्। तिलबहादुर खत्री र ज्ञानबहादुर नेपालीले सोही वडाको अर्को गाउँमा आश्रय लिएका छन्।

पालिकाका अनुसार पूर्णरुपमा क्षति भएको १० घर पुनर्स्थापना गर्नुपर्ने, ४३ घर पुनर्निर्माण गर्नुपर्ने, ४५ घर मर्मत सम्भार र ७५ घर परिवार गरी १ सय ७३ घरमा क्षतिपूर्ति दिनुपर्ने माण्डवी गाउँपालिका विपद् व्यस्थापन सम्पर्क व्यक्ति बलराम पौडेलले बताए। '२०७९ असोज ३१ गते गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठकले जिल्ला प्रशासन कार्यालयमा प्रारम्भिक विवरण पठायो,' उनले भने-'विद्यालयमा समेत क्षति भएको हुँदा पुनः २०७९ मंसिर १९ गते पालिकास्तरीय बसेको बैठकले शिक्षा विकास तथा सामाजिक विकास निर्देशनालय दाङलाई सम्पूर्ण खर्च विवरण पठाइयो।'

२०८० जेठ ३१ गते जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाको संयोजकत्वमा बैठक बसी अनुमोदन गरी लाभग्राही कायम समेत गरिएको पौडेल बताउँछन्।

२०७९ असोज २६ गते धन्चौर बस्तीमा लुम्बिनी प्रदेश मुख्यमन्त्री कुलबहादुर केसी र तत्कालिन समयका अर्थ तथा सहकारी मन्त्री कृष्णध्वज खड्कासहित कार्यालयका सह-सचिवस्तरीय टोलीले समेत स्थलगत अध्ययन गरेको थियो । घटनास्थलको अवलोकनपछि मुख्यमन्त्री केसीले पहिरो गएको ठाउँको भौगोलिक अवस्थाबारे भूगर्भविद्‌लाई ल्याएर अध्ययन गरिने बताएका थिए। त्यस स्थानमा बस्न मिल्ने/नमिल्ने अध्ययन गरेपछि मात्र पीडितहरुलाई राहत प्रदान गर्ने घोषणा समेत उनले गरेका थिए। तर ति घोषणा कुरामै सीमित भएको छ।

अहिले पहिरोले विस्थापित भएकाहरूको पुनर्स्थापना र मर्मत सम्भारका लागि सरकारी तवरबाट पहिरो पीडितहरुको डाटा संकलन र सूचना निकाल्ने बाहेक कुनै कामै भएको छैन। धाँजा फाटेको ठाउँ-ठाउँबाट बर्खाको पानी पसेर फेरि पहिरोले गाउँ नै झर्ने होकी भनेर पीडितहरू झनै त्रासमा छन्। तर स्थानीय सरकार भने संघ र प्रदेशलाई दोष देखाएर उम्किन खोज्दैछ।

धन्चौरगाउँ नै पहिरोमा बगेको थियो भने मर्कावाङ्ग, रातापानी, तारिवाङ्ग किटा, बगुवालगायतका बस्तिका केही परिवारहरु विस्थापित भएका थिए । फरुन्ड़े गाउँमा घर माथिबाट आएको पहिरोले २ घरसहित ६ जनाले ज्यान गुमाएका थिए । पीडितका निवेदनअनुसार माण्डवी गाउँपालिका वडा १, २, ४ का १७३ घरपरिवार पहिरोमा परि विस्थापित भएको गाउँपालिकाले जानकारी दिएको छ।

सरकारले पीडितलाई पुनर्स्थापनाका लागि प्रतिपरिवार तीन किस्ता गरी ३ लाख रुपैयाँ दिने घोषणा गरे पनि अहिलेसम्म अधिकांशले रकम पाउन सकेका छैनन् । अस्थायी आवासका लागि केही रकम वितरण भए पनि स्थायी पुनर्निर्माण प्रक्रिया भने अझै ढिलाइ भएको छ।

संघीय सरकार र प्रदेश सरकारले घर बनाइदिने घोषणा गरेको थियो। तर, संघीय सरकारको पुनर्निर्माण प्राधिकरणको नियममा तीन तहले मिलेर काम गर्नुपर्ने प्रावधान रहेको भन्दै प्रदेश सरकारले पनि केही काम गरेको छैन।

प्रशासनमा परेको उजुरी

२०८१ बैशाख ३१ गते जिल्ला प्रशासन कार्यालय खलङ्गामा छानबिन सम्बन्धमा कसैले बेनामीमा उजुरी दर्ता गरेको यस्तो थियो।

विषयः- छानबिन सम्बन्धमा

'प्रस्तुत विषयमा मिति २०७९ असोज १९ देखि २२ गतेसम्म परेको अविरल वर्षाका कारण प्यूठान जिल्लाका विभिन्न क्षेत्रहरू (विशेषगरी माण्डवी सरुमारानी र ऐरावती गाउँपालिका) मा बाढी पहिरोले गाउँ नै विस्थापित हुन पुगेको थियो । उक्त पहिरोको कारण विस्थापित घरपरिवारलाई पुनर्निर्माण र पुनर्स्थापना गर्ने कार्य हालसम्म प्रक्रियामै अगाडि बढेको छ । जोखिमयुक्त क्षेत्रबाट सुरक्षित क्षेत्रमा आवास व्यवस्थापन गर्नु राज्यको नीति हुँदाहुँदै माण्डवी गापाको वडा नम्बर २ मा करिब १४-१५ घरपरिवार लाई आपसी मिलोमतो जग्गा टुक्रा टुक्रा पारी झन् जोखिम ठाउँमा बसोबास गराउन खोजिएको भन्ने कुरा सुन्नमा आएको र केही घरपरिवारलाई अन्यत्र जग्गा हुँदाहुँदै पनि जग्गा उपलब्ध गराएको भन्ने समेत कुरा यत्रतत्र आएको कारण सत्यतथ्य जाँचबुझ गरी राज्यको मापदण्डअनुसार खास पीडितलाई व्यवस्थापन गरी राज्यको सम्पत्ति दुरुपयोग हुनबाट रोकियोस भनि अनुरोधको उजुरी परेको थियो।'

उजुरी परेपछि के भयो ?

उजुरी परेपछि पहिरो झरेको गाउँ (धन्चौरमा) जिल्ला प्रशासन कार्यालय खलङ्गाबाट विपद् व्यस्थापन समितिको टिमले पटक-पटक स्थलगत अनुगम गर्यो। स्थलगत अनुगमन गरेपछि जिल्ला प्रशासन कार्यालयका तत्कालिन समयका प्रशासकीय अधिकृत जालन्धर भुसालको संयोजकमा छानबिन समिति गठन भयो । उक्त प्रदिवेदनमा जिल्लाभन्दा बाहिर जमिन भएका पहिरो पीडितहरुलाई मुआब्जा नदिने उल्लेख गरेको छ । २०८२ साउन २२ गते पालिकास्तरीय विपद् व्यवस्थापन समितिले पुनः जग्गा पुनर्स्थापनाका लागि १० जनाको नामावलीसहित जिल्ला प्रशासन कार्यालयमा विवरण पठायो । विवरणमा वडा-१ का लोकबहादुर थापा, रिखबहादुर थापा र शसबहादुर थापा छन् भने वडा-२ का रामबहादुर चर्माकार, हुताराम खत्री, हिमबहादुर खत्री, सीता सार्की, खिमा चर्माकार, तिलबहादुर खत्री र वीरबहादुर दमाई रहेका छन् । तर पालिकाले वडा-१,२ र ४ को सिफारिसको आधारमा पुनर्स्थापनाका लागि ४३ जनाको नामावलीमा विवरण इन्ट्री गरेको छ। प्रशासनमा उजुरी परेपछि कार्यपालिकाको बैठक बसी निकास निकाल्नुपर्ने हो, तर त्यो विषयमा कुनै छलफल नभएको माण्डवी गाउँपालिका वडा-१ का वडाध्यक्ष बामबहादुर बुढाले बताए।

पीडितले राहत पाउनुपर्ने विषयमा उजुरी नै परेपछि पालिका अध्यक्षले तुरुन्तै समस्याको समाधानतर्फ लागेको भए हालसम्म पीडितहरुले राहतको सुविधा उपभोग गर्ने वडाध्यक्ष बुढाको भनाइ छ।

विवादित जग्गा के हो ?

२०७९ असोजको २२ गते धन्चौर बस्ती पहिरोले बगाएपश्चात् माण्डवी -२ रातापानीका केही बस्तीहरुमा भूगर्भविदसहितको टोलीले अध्ययन गरेका थिए। जसमा स्थानीय श्यामसुन्दर अधिकारी(नाम परिवर्तित) आफ्नो जग्गाको अवस्था पत्ता लगाएका थिए। अधिकारीको जग्गासम्बन्धी प्रतिवेदनमा सो जग्गा जोखिममा रहेको उल्लेख गरिएको थियो । भूगर्भविदको प्रतिवेदनको फोटोमा उल्लेख भए बमोजिम जग्गा खरिद बिक्री गरेको जमिनमा बस्ती बसाल्न जोखिम छ या छैन भन्ने प्रस्ट खुलाएको छैन । तर पाँच घरभन्दा बढी भयो भने भूगर्भविद्‌ले अध्ययन गरी जोखिम नदेखिएपछि मात्र बस्ती बसाल्न सकिनेछ । तर गाउँपालिकाले जोखिम रहेको जग्गामा १४ घर परिवारलाई व्यवस्थापनको लागि अधिकारीको जग्गा सरकारी जग्गाको दररेट भन्दा झन्डै ५ गुणा बढी रकममा खरिद बिक्री गरेको देखिन्छ । यसै विषयमा २०८१ बैशाख ३१ गते जिल्ला प्रशासन कार्यालय खलङ्गामा बेनामी मुद्दा परेको थियो । 'सो बस्तीमा १४-१५ घरपरिवारलाई आपसी मिलोमतोमा जग्गा टुक्रा-टुक्रा पारी झन् जोखिम ठाउँमा बसोबास गराउन खोजिएको भन्ने कुरा सुन्नमा आएको र केही घरपरिवारलाई अन्यत्र जग्गा हुँदाहुँदै पनि जग्गा उपलब्ध गराएको भन्ने समेत कुरा यत्रतत्र आएको कारण सत्यतथ्य जाँचबुझ गरिपाऊ भनि बेनामी मुद्दा परेको थियो।' यस विषयमा जिल्ला प्रशासन कार्यालय प्यूठानका प्रमुख जिल्ला अधिकारी शान्तिराज प्रसाईंले पहिरो पीडितहरुले राहत पाउन धेरै ढिला भएको बताएका थिए। 'मुख्य कुरा त्यो उजुरी परेको जग्गामा बस्ती बसाउन मिल्छ कि नाई त्यो विपद् व्यस्थापन प्राधिकरणले अध्ययन गर्दैछ, हामीले भन्दा पनि प्राधिकरणले यस विषयमा जतिछिटो टुंगो लगायो त्यति नै पीडित परिवारलाई राहत हुने छ।'-प्रमुख जिल्ला अधिकारी प्रसाईंले भने।

जग्गाको बेनामी उजुरी दर्ता भएपछि पालिकाले तुरुन्तै भूगर्भविद्‌को टोली खटाएर सो जग्गाको प्रतिवेदन लिनुपर्ने हो । तर पालिकाले त्यसो गरेन, उजुरी परेको मात्र देख्यो उपाए देखेनन्।

पहिरो पीडित लागि पालिकाको भूमिका

असोज २२ गतेको पहिरोले धन्चौर बस्ती नै सखाप पारेपछि तत्काल क्षतिपूर्तिमार्फत् ३ लाख ६० हजार र केही जिन्सी सामग्री हस्तान्तरण गरेको पालिकाले जनाएको छ । विभिन्न सहयोगी संघ संस्थाहरुले तत्कालीन समयमा खाद्यान्न, लत्ताकपडा र अस्थायी टेण्ड उपलब्ध गराएको थियो । पालिकाले इन्ट्री गरेअनुसार पुनर्निर्माण गर्नुपर्ने ४५ घर परिवार रहेका छन् । संघीय सरकारअन्तर्गत ६० प्रतिशत, प्रदेश सरकारअन्तर्गत ३० प्रतिशत र पालिकाले १० प्रतिशत अनुदानमा प्रतिघर चार लाखको दरले २ कोठा एक शौचालय र बरण्डा गरी १६ घरपरिवारको आवास निर्माण हुँदै गरेको माण्डवी गाउँपालिका प्राविधिक बताउँछन्।

विपद राहत कोषमा कति रकम छ ?

असोज २२ गतेको धन्चौरमा पहिरो गएपश्चात् २०८० चैत्रसम्म जम्मा भएको रकम माण्डवी गाउँपालिकाभित्रका कर्मचारीहरुबाट ३ लाख ७७ हजार ५५४ रुपैंयाँ, गाउँपालिका शिक्षकहरुबाट ५ लाख ६२ हजार ३७३ रुपैंयाँ, जनप्रतिनिधिहरुबाट ९६ हजार ७०० रुपैयाँ, विदेश/अन्य संस्थाबाट/जिल्ला बहिरबाट २ लाख २ हजार ९०४, अन्य पालिकाबाट १ लाख २० हजार ६०० रुपैयाँ, पालिकाको खातामा नियमित जम्मा भएको रकम ६६ लाख ९ हजार ६७२ रुपैयाँ र सबै रकम गरी ७९ लाख ६९ हजार ८०९ रुपैयाँ जम्मा भएको गाउँपालिकाले जनाएको छ।

बैशाख ३ गते बसेको माण्डवी गाउँपालिकाको १९औं गाउँसभाले पहिरो प्रभावित घरपरिवारलाई आर्थिक सहायतासम्बन्धी मापदण्ड २०८३ स्वीकृत गरी सोही मापदण्ड बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएको माण्डवी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमकान्त भण्डारीले बताए । पीडितहरुको निवेदनको आधारमा सर्वेक्षण गरी तत्कालको लागि २० हजारदेखि १ लाखसम्म आर्थिक सहायता गरिने अधिकृत भण्डारीले जानकारी दिए।

पहिरोपछि तत्काल राहत र पुनर्स्थापनाको जिम्मा लिएको स्थानीय सरकार भने अहिले आलोचनाको घेरामा छ । पीडितहरूको आरोप पालिकाले कागजी प्रक्रियामा मात्रै अघि बढायो, तर व्यवहारमा पुनर्स्थापना गर्न चासो देखाएन। राहत र आवास निर्माणका लागि सरकारी प्रक्रिया अघि बढेको भनिए पनि कार्यान्वयन अत्यन्त ढिलो र कमजोर भएको छ। विशेषगरी पालिकाले समयमै निर्णय, समन्वय र कार्यान्वयन गर्न नसक्दा पीडितहरू अझै जोखिमपूर्ण अवस्था र अस्थायी बसोबासमा बस्न बाध्य छन्।

**लोकेश्वर सा.व.उ.स. सुनवल १० नवलपरासी (ब सु.प.)को**

## वन पैदावार लिलाम बिकी सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२०

डिभिजन वन कार्यालयको च.नं २०५४ मिति २०८३/०१/१६ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व.मा उत्पादन भई सुनवल ७ चारपालामा घाटगद्धी भएको साल समेत गोलिया थान ३९१ को ३२२८.०१ क्यु.फि काठ समुह बाहिर लिलाम बिक्री गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ। प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**बुद्धको मूर्ति कुँद्दै मूर्तिकारः**
मुस्ताङको घरपझोङ गाउँपालिकास्थित जोमसोममा आयोजित 'घरपझोङ राष्ट्रिय मूर्तिकला' कार्यशालामा बुद्ध भगवानको मूर्ति कुँद्दै मूर्तिकार । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान काठमाडौँको सहकार्य तथा घरपझोङ गाउँपालिका र एकीकृत सामाजिक विकास कार्यालय मुस्ताङको संयुक्त आयोजनामा बैशाख ७ गतेदेखि पन्ध्र दिने कार्यशाला अन्तिम चरणमा पुगेको छ । तस्विर : सुन्दरकुमार थकाली/रासस

# पुरानो हुनु नै खराब भन्ने भाष्य घातक : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको गौरवशाली इतिहास, मूल्यमान्यता र पुराना नेताहरूको योगदानलाई संस्थागत रूपमा संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् ।

शनिबार नेता दमन पाख्रिनको जीवनीमा आधारित पुस्तक विमोचन तथा स्मृति कार्यक्रमलाई सम्बोधन गर्दै सभापति थापाले समाजमा स्थापित गर्न खोजिएको 'पुरानो हुनु भनेको खराब हुनु हो' भन्ने भाष्य राष्ट्र र समाजका लागि घातक हुने बताए ।

'पुरानोलाई थोत्रो वा खराब मान्ने र नयाँलाई मात्र असल मान्ने प्रवृत्तिले समाजको अनुभव र विवेक (विजडम) नष्ट गर्छ,' सभापति थापाले भने-'यदि नयाँ पुस्ताले आफ्नो इतिहास, संस्कृति र पुर्खाको योगदानमा गर्व गर्न छाड्यो भने राष्ट्रको अस्तित्व नै सङ्कटमा पर्न सक्छ ।'

यदि नयाँ पुस्ताले आफ्नो इतिहास, संस्कृति र पुर्खाको योगदानमा गर्व गर्न छाड्यो भने राष्ट्रको अस्तित्व नै सङ्कटमा पर्न सक्ने उनले बताए ।

पार्टीको आन्तरिक सुदृढीकरणका विषयमा बोल्दै सभापति थापाले सार्वजनिक पदमा रहेका कांग्रेसका प्रतिनिधिहरूलाई सुशासन कायम गर्न निर्देशन दिए । पार्टी सञ्चालनका लागि कसैले पनि नेता वा पार्टीको खातामा अवैध रकम जम्मा गर्नु नपर्ने र लेभी प्रणालीबाटै पार्टी चल्नुपर्नेमा उनको जोड थियो ।

'स्थानीय तहदेखि प्रदेश सरकारसम्म जिम्मेवारीमा रहेका कुनै पनि व्यक्तिले एक सुका पनि तलमाथि गरेको कुरा स्वीकार्य हुँदैन । सुशासनका सन्दर्भमा पार्टीले शुन्य सहनशीलताको नीति लिनेछ ।'- उनले भने ।

सभापति थापाले आगामी हप्तादेखि सातै प्रदेशको भ्रमण गर्ने र प्रदेश तथा स्थानीय सरकारका प्रमुखहरूसँग नीति, कार्यक्रम, बजेट र सुशासनका विषयमा छलफल गर्ने जानकारी दिए । सातै प्रदेशका स्थानीय सरकारका प्रतिनिधिलाई बोलाएर अर्थतन्त्रको वर्तमान सङ्कट र प्रदेशका प्राथमिकताहरूका बारेमा पार्टीले ठोस संवाद गर्ने उनको भनाइ थियो ।

पार्टीभित्र बृहत्तर एकताको आवश्यकता औँल्याउँदै सभापति थापाले नेतृत्वको हैसियतले सबैलाई समेट्न आफू उदार र लचिलो हुन तयार रहेको बताए ।

'घरभित्रका साथीहरूलाई मात्र होइन, कांग्रेसबाहिर रहेको ठुलो जमात र नयाँ पुस्तालाई पनि पार्टीमा जोड्नुपर्ने छ,' उनले थपे-'८० वर्षका वृद्धदेखि २५-३० वर्षका युवाहरूसम्मलाई उचित स्थान दिएर कांग्रेसलाई सबै जाति, समुदाय र उमेर समूहको साझा पार्टी बनाउनु हाम्रो प्राथमिकता हो ।'

विभिन्न नेताहरूको नाममा स्थापित प्रतिष्ठानहरूलाई व्यवस्थित बनाउन पार्टीले नै विशेष पहल गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

# विस्थापित सुकुम्वासीलाई डेरा पाउन समस्या



बुटवल । सरकारले सुकुम्वासीका नाममा नदी किनाराको अव्यवस्थित बसोवासीका घरटहरा भत्काइदिएर परिवार विस्थापित गरेपछि काठमाडौंमा डेरा नपाउने समस्या बिकराल बनेको छ । बस्ती विस्थापित गरिएपछि त्यहाँका बासिन्दालाई राख्नका लागि होल्डिङ सेन्टरहरु त बनाइएका छन् । तर, सबैलाई त्यहाँ बस्न सहज छैन । कक्षा १२ को परीक्षा चलिरहेको छ । परीक्षा सेन्टर पायक नपर्ने र अध्ययनमा बाधा पुगेको छ । थुप्रै वृद्ध र अशक्त नागरिक छन् । उपचार र रेखदेखमा समस्या छ । रोजगारीमा जानुपर्ने मानिस छन् । उनीहरूलाई पायक परेको छैन ।

केही सुत्केरी तथा विभिन्न मानवीय समस्याका कारण सामूहिक बसोबासमा समस्या छ । थुप्रै बालबालिका बस्तीभित्रै वा नजिकका विद्यालयमा अध्ययनरत थिए । उनीहरूले अर्को विद्यालयमा भर्ना हुनुपर्ने कुरा बसोबासस्थलसँग सम्बन्धित हुन्छ । यी तमाम विषयमा बिनापूर्वतयारी बस्ती विस्थापित गरिएका छन् ।

यी स्थितिका बासिन्दा डेरा खोजेर पायक पर्ने वा सुविधा हुने ठाउँको खोजीमा छन् । एक त काठमाडौं उपत्यकाभित्र डेरा पाउनै कठिन, पाइहालेमा सुकुम्वासी भन्ने थाहा पाएपछि डेरा नदिने स्थिति छ ।

काठमाडौं महानगरपालिका- ३, गजेन्द्रबस्तीबाट विस्थापित चेतन भुजेल (नाम परिवर्तन) डेरा खोज्ने रन्कोमा तीन दिनदेखि भात पानी माया मारेर दौडिरहेका छन् । उक्त बस्ती महाराजगन्जस्थित शिक्षण अस्पतालपछाडि थियो । टाढा-टाढा डेरा पाएर उनलाई अर्थ छैन । किनभने बालबच्चाको स्कुल, आफ्नो काम र अशक्त बाबुआमाको उपचार एवं रेखदेखका लागि टाढामा पनि टोखा, बसुन्धारा, लाजिम्पाट, रानीबारीसम्म चाहिन्छ । कतै कतै कोठा भेटियो । तर, 'सुकुम्वासीलाई त हुँदैन ।' भन्ने पीडादायी जवाफ पाएको उनले सुनाए ।

यो पीडा त एकातिर छ । अर्कातिर बुधबार बेलुकी माइकिङ गरेर शुक्रबार भत्काइने भनेपछि सबैले आआफ्ना सामान वैकल्पिक स्थानमा सारे । बसिरहेका घरका झ्यालढोकाका खापा पनि लिएर गए । बिहीबार रातिसम्ममा बस्ती खाली भयो । शुक्रबार अर्को सूचना जारी भयो-'अहिले नदी किनाराको बस्तीमात्रै छोड्नुहोला, अन्य बस्तीका बासिन्दाले आ-आफ्नो व्यवस्था गरेर छोड्न सक्नुहुनेछ ।' यही सूचना बुधबार नै गरेको भए चेतन भुजेल जस्ता उक्त बस्तीका थुप्रै बासिन्दाले तीन दिनदेखि डेरा खोज्ने भुक्तमान व्यहोर्नुपर्ने थिएन ।

पीडामाथि पीडा कसरी थपिँदैछ भने-सामान आफन्तको घरमा छ । आफन्तसँग १-२ दिनका लागि ठाउँ मागेर सामान राखिएको हो । डेरा पाउने सम्भावना अझै छैन । आफन्तले 'सामान कहिले सार्ने ?' भनेर सोधिसके ।

**नागरिकको आधारभूत अधिकार कुठाराघात भयो : बानिया**

उपभोक्ता महासंघका अध्यक्ष ज्योति बानियाँले नागरिकको आवासको अधिकार राज्यले सुनिश्चित नगरी विस्थापित गर्नु कानुनी शासन र सुशासनको ठूलो उपहास भएको बताए । 'होला, उहाँहरू बसेको जमिन राज्यको थियो, त्यहाँ बस्ने नागरिक पनि राज्यकै थिए', उनले भने-'विकल्प नदिई नागरिकमा आतंक सिर्जना गरेर निकाल्ने कुरै अमानवीय तथा निकृष्ट छ । ती बासिन्दाले डेरा पाउन् वा नपाउन् भन्ने बहसभन्दा मुख्य कुरा यो राज्यको जिम्मेवारी भएको उनले बताए ।

सर्वोच्च अदालतले यसअघि नै विकल्पसहित बस्ती विस्थापित गर्न आदेश दिएको उनले बताए । 'चराले गुण लगायो भनेर रुख काट्ने होइन, गुण सानुपर्छ र उनीहरूको जीवन सुरक्षित तथा सुनिश्चित गरिनुपर्छ ।' बानियाँले भने ।

नेपालको प्रचलित कानुनले घर-टहरा उपभोग गर्ने व्यक्ति वा परिवारलाई उक्त स्थान खाली गराउनको लागि ३५ दिनको सूचना जारी गर्ने व्यवस्था गरेको बानियाँ बताउँछन् । तर, सरकारले कानुन मात्रै नभएर सबैखाले मानवीय न्यायमाथि गम्भीर आघात पुऱ्याएको उनको भनाइ छ ।

# प्रिन्स पाल चम्किँदा न्यू होराइजनको सहज जित



भैरहवा । बलिङमा प्रिन्स पाल चम्किँदा न्यू होराइजन क्रिकेट क्लबले भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको शनिबारको खेलमा सहज जित हात पारेको छ । होराइजनले बुटवल राइनोजलाई ७ विकेटले हराउँदै जित निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको बुटवल राइनोजले निर्धारित ५० ओभरमा २३ ओभर खेल्दै अलआउट भएर जम्मा ७६ रन मात्रै बनायो । उसलाई सस्तैमा रोक्न न्यू होराइजनका प्रिन्स पालले ७ ओभर बलिङ गर्दै ३ मेडनसहित ६ रन खर्चेर ६ विकेट हात पारे ।

यस्तै, महेश भर र विप्रसन केसीले २-२ विकेट हात पारे । बुटवलका उत्तम थापा मगरले ३२ र शिव कुँवरले १५ रन बनाए । उसका अधिकांश खेलाडीले दोहोरो अंकमा रन बनाउन सकनेनन् भने ४ खेलाडी शून्य रनमै आउट हुँदा टिम धरासायी बन्यो ।

जवाफी ब्याटिङ गरेको न्यू होराइजनले १४ ओभर २ बलमा ३ विकेट गुमाएर ७७ रन बनाउँदै सहजै जित निकाल्यो । उसको जितमा संगम पाण्डेले अविजित २९, अमर मिश्राले २१ र डूस सुनारले १२ रनको योगदान गरे ।

बलिङमा बुटवल राइनोजका सुमित थापाले २ र प्रमिस पुनले १ विकेट लिए । खेलमा प्रिन्स पाल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जनाए ।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन् । यसैगरी सिद्धार्थ उद्योग बाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन् ।

# इन्फिनिटी इनोभेसन सेन्टर सञ्चालन



भैरहवा । सूचना प्रविधि र आधुनिक शिक्षाको क्षेत्रमा नयाँ आयाम थप्ने उद्देश्यका साथ सिद्धार्थनगरमा इन्फिनिटी इनोभेसन सेन्टर सञ्चालनमा आएको छ । '

कक्षाकोठादेखि वास्तविक संसारको प्रभावसम्म' भन्ने नाराका साथ स्थापना गरिएको यस केन्द्रले विद्यार्थी, शैक्षिक संस्था र व्यावसायिक क्षेत्रलाई लक्षित गरी विभिन्न सेवाहरू प्रदान गर्ने भएको छ ।

यस केन्द्रले ८ देखि १६ वर्षसम्मका बालबालिकाका लागि रोबोटिक्स, कोडिङ, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र थ्री-डी प्रिन्टिङ जस्ता अत्याधुनिक प्रविधिमूलक विषयहरूमा प्रशिक्षण दिने इन्फिनिटी इनोभेसन सेन्टरको सञ्चालक एयरोस्पेस इञ्जिनियर तथा रणनीति परामर्शदाता अनमोल मित्तलले बताए ।

बालबालिकाहरूलाई सिर्जनशील चिन्तक बनाउन र उनीहरूलाई भविष्यका लागि आवश्यक सीप प्रदान गर्न विभिन्न इनोभेसन कार्यशालाहरू समेत सञ्चालन गरिने केन्द्रले जनाएको छ ।

विद्यालयहरूमा इनोभेसन ल्याब स्थापना गर्न, स्टेम पाठ्यक्रम समायोजन गर्न र शिक्षकहरूलाई आधुनिक शिक्षण पद्धतिको तालिम दिन समेत केन्द्रले सहयोग गर्नेछ ।

त्यसैगरी, व्यावसायिक क्षेत्रका लागि बजार विश्लेषण, रणनीति परामर्श र इनोभेसन एडभाइजरी जस्ता सेवाहरू उपलब्ध गराइने सञ्चालक मित्तलले बताए ।

भारत, फ्रान्स, इटाली र जर्मनी जस्ता देशहरूमा काम गरेको अन्तर्राष्ट्रिय अनुभव रहेका मित्तल नेप्लिज स्पेस रिसर्च एसोसिएसनका संस्थापक समेत हुन् । भैरहवमा केन्द्रको कार्यालय स्थापना भएको छ ।


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही


विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com